नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

च. नं :

पत्र संख्या : २०७९/०८०

मिति : २०७९।७।६

## शुभकामना
## तथा
## अत्यन्त जरुरी सूचना !

नेपालीहरुको महानचाड शुभ-दीपावली (तिहार), छठपर्व २०७९ एवम् नेपाल सम्वत ११४३ को सुखद उपलक्ष्यमा जिल्लावासी संपूर्ण आमाबुवा, दाजुभाई, दिदी बहिनीहरु एवम् जिल्लामा कार्यरत राष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

तिहार पर्वको समयमा देउसी भैलो, नाचगान तथा साँस्कृतिक कार्यक्रम गर्दा, गराउदा वेलुका ९.०० बजेसम्म मात्र गर्नु गराउनु हुन, संस्थागत रुपमा कार्यक्रम गर्दा क्लव आदिले पूर्व स्वीकृती लिएर मात्र गर्नु हुन, पटका, आतसवाजी जस्ता विष्फोटक सामाग्री किनबेच र प्रयोग नगर्नु नगराउनु हुन, कौडा, तास जस्ता जुवाजन्य खेल नखेल्नु, नखेलाउनु हुन सम्पूर्णमा अनुरोध छ। साथै घरभेटीको स्वीकृती विना जवरजस्ती देउसी भैलोको दक्षिणा नमाग्नु हुन, प्लास्टिकका फूल, माला प्रयोग नगरी प्राकृतिक फूल, मालाको उपयोग गर्नु हुन समेत आव्हान गर्दछौं।

देउसी, भैलो, साँस्कृतिक कार्यक्रम गर्दा निर्वाचन आचारसंहिता उल्लंघन हुने गरी कुनै पनि राजनीतिक दल, उम्मेदवारका पक्ष वा विपक्षमा हुने गरी नगर्नु, नगराउनु हुन अनुरोध छ । यो सूचनाको अवज्ञा गरी कानून विपरितको कार्य गरे गराएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही गरिने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७९।७।६

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी